# प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.ज्यूबाट २०७२ बैशाख १२ गते गएको बिनाशकारी भूकम्प पश्चात परिचालित नेपाली सेनाका सकल दर्जाहरूलाई गर्नु भएको सम्बोधन

रथीवृन्द, अधिकृत, पदिक, बिल्लादार लगायत सकल दर्जाहरू ।

१. यही बैशाख १२ गते गएको बिनाशकारी भूकम्प र तत्पश्चात गएको पराकम्पनहरूका कारण तथा कर्तव्य पालनाको दौरान असामयिक निधन हुनु भएका स्वदेशी तथा विदेशी नागरिकहरू, नेपाली तथा अमेरिकी सेनाका अधिकृत, पदिक, अन्यदर्जा तथा परिवारजनहरूको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारहरूप्रति मेरो व्यक्तिगत तथा नेपाली सेनाको तर्फबाट हार्दिक समवेदना प्रकट गर्दछु । यस महाविपद्का कारण तथा कर्तव्यपालनको दौरान घाइते हुनु भएका सैनिक तथा गैह्रसैनिक व्यक्तिहरू र तिनका परिवारजनहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

२. यस बिनाशकारी भूकम्पले राष्ट्रलाई अतुलनीय क्षति पुऱ्याएको छ भने हामीले आफ्ना साथीभाइ, परिवारजन, सहकर्मीहरू तथा विदेशी पाहुनाहरूलाई गुमाउनुका साथै ठूलो भौतिक क्षति समेत व्यहोर्नु परेको छ । आजसम्म प्राप्त तथ्याङ्क अनुसार भूकम्पबाट ८ हजार ४ सय ९२ जनाको मृत्यु तथा १ लाख १ हजार १ सय ८२ जना घाइते भएका छन् । यस भुकम्पमा परी नेपाली सेनाका ९ जना वीर सैनिकहरूको दुखद निधन भएको छ भने लाङटाङ राष्ट्रिय निकुन्ज सुरक्षाको लागि तैनाथ १० जना सैनिक व्यक्तिहरू हराइरहेका छन् । मिति २०७२ बैशाख २९ गते गएको शक्तिशाली पराकम्पनबाट घाइते भएकाहरूको खोज तथा उद्धारको लागि परिचालित मित्रराष्ट्र अमेरिकाको Marine Corps को Huey हेलिकप्टर सिन्धुपाल्चोक जिल्लाको घोर्थलीमा दुर्घटना हुँदा नेपाली सेनाका अधिकृत-१, पदिक-१ लगायत हामीसँग काँधमा काँध मिलाई सहकार्य गर्ने अमेरिकी सेनाका ६ जनाको समेत दुःखद् निधन भएको छ । यसरी आफ्नो जिम्मेवारी पुरा गर्ने क्रममा निधन हुनु भएका हाम्रा सहकर्मीहरूप्रति नेपाली सेना गर्व गर्दछ । साथै वहाँहरूले नेपाल र नेपाली

जनताको सेवामा गर्नु भएको समर्पणलाई नेपाली सेनाले निरन्तरता दिने प्रण समेत गर्दछ । प्राकृतिक विपद्ले निम्त्याएको यस कठिन घडीमा हामी सबै एकजुट भई प्रभावित जनताहरूलाई राहत तथा आधारभूत सुरक्षा प्रदान गर्ने कार्यमा दिनरात खट्टिइरहेका नेपाली सेनाका सकल दर्जाहरू र तिनलाई आफ्नो कर्तव्यपथमा लागि रहन उत्प्रेरणा दिनु हुने सम्पूर्ण परिवारजन, आम जनता, पत्रकार मित्रहरू तथा संघ संस्थाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

३. यस भूकम्पबाट व्यक्तिगत घर, अस्पताल, स्कूल, लगायत विकासका महत्वपूर्ण पूर्वाधारहरूमा समेत क्षति पुग्न गएको छ । प्राप्त तथ्याङ्क अनुसार करिव ५ लाख आवासीय घरहरू पूर्णरूपमा र करिव ३ लाख घरहरू आंशिक रूपमा क्षति भएका छन् । जङ्गी अड्डा लगायत ४५३ वटा सैनिक संरचनाहरू पुनर्निर्माण गर्नुपर्ने गरी भत्किएका छन् भने ३१० वटा सैनिक संरचनाहरूमा बृहत मर्मत र ६३० वटा संरचनाहरूमा साधारण मर्मत गर्नुपर्ने भएको छ । यी भत्किएका संरचनाहरूलाई मरामत तथा पुनर्निर्माण गर्न नेपाल सरकारको नीति, नियम तथा निर्देशन अनुसार नेपाली सेना कटिबद्ध रहेको छ ।

४. यस भूकम्प पश्चात परिचालित नेपाली सेनाका सकल दर्जाहरूले प्रदर्शन गरेको कर्तव्यपरायणता, व्यवशायिकता, धैर्यता तथा मानवीयताले गर्दा नेपाली सेनाको गौरवमय इतिहासमा एउटा सुनौलो अध्याय थपिएको छ । आज नेपाली जनता आफ्नो राष्ट्रिय सेनाप्रति गौरवान्वित भएका छन् । नेपाली सेना राष्ट्रको भरपर्दो र प्रभावकारी शक्ति भएको पुनः प्रमाणित हुनुका साथै स्वदेश तथा विदेशमा नेपाली सेनाको साथै नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गरेको उद्धार तथा राहत कार्यको खुलेर प्रशंसा भइरहेको छ । यो यथार्थ हामी सबैको संयुक्त प्रयासको प्रतिफल हो । यस भित्र भक्तपुरको भग्नावशेषमा पुरिएको ४ महिने शिशुको करिब २२ घण्टा पछि गरिएको भावनात्मक उद्धारदेखि १६ हजार फिट उचाईमा रहेको मनास्लु बेश क्याम्पमा फसेका स्वदेशी तथा विदेशी आरोहीहरूको साहसिक उद्धारसम्मका कार्यहरूको कथाहरू रहेका छन् । यसरी नै यस भित्र "रक्षा, आनन्द, आराम, आफ्नो निम्ति सधैं पछि"

भन्ने सैनिक मूलमन्त्रलाई आत्मसात् गरी आफ्नो घर परिवारभन्दा आफ्नो देशवासीहरूको खोज तथा उद्धार कार्यको लागि तत्काल अग्रपंक्तिमा तैनाथ हुने सकलदर्जाहरूदेखि २४ सै घण्टा टहरा, पाल तथा खुल्ला आकाशमुनि घाइतेहरूको स्वास्थ्य उपचार गर्ने सैनिक स्वास्थ्यकर्मीहरूको कथा रहेको छ । यस भित्र भूकम्प प्रभावितहरूको लागि तत्कालै अत्यावश्यक पर्ने गाँस, बास र पानीको व्यवस्था गर्न अनवरत रूपमा खट्टिने सकल दर्जाहरूदेखि आम जनताका लागि रक्तदान गर्ने सैनिक व्यक्तिहरूका कथाहरू समेत रहेका छन् । यसको साथै सिमित हवाई तथा ईन्जिनियरिङ्ग साधनको बाबजुद नेपाली सेनाले गरेको बृहत कार्यदेखि जङ्गी अड्डा लगायत अन्य सैनिक संरचना क्षतिग्रस्त हुँदा पनि तत्काल वैकल्पिक व्यवस्था गरी कमाण्ड, कन्ट्रोल तथा मिलाप पुनर्स्थापना गर्ने विभिन्न तहका कमाण्डर तथा स्टाफहरूको कथा समेत रहेको छ । यस्ता प्रशंसनीय कार्यहरूले भरिएका कथाहरू धेरै छन् जुन हामी सबैको लागि अत्यन्त प्रेरणादायी र गौरवको विषय हो ।

५. यस प्राकृतिक विपद्को घडीमा मित्र राष्ट्रहरूबाट हामीलाई प्राप्त भएका सहयोग र सद्भाव पनि ज्यादै सराहनीय छ । नेपाली सेनाले विश्व शान्तिमा पुऱ्याएको योगदान र द्विपक्षीय सैनिक सम्बन्धका कारण १८ मित्रराष्ट्रहरूका ४ हजार ३ सय १६ सैनिकहरूले खोज तथा उद्धार एवं राहत वितरणमा नेपाली सेनासँग सहकार्य गरेका छन् । मित्रराष्ट्रका सैनिक टोलीले भग्नावेषमा पुरिएकाहरूलाई जिवितै उद्धार गर्ने, मृतकहरूको शव निकाल्ने, घाइतेहरूको उपचार गर्ने, राहत सामग्रीहरूको ढुवानी गर्ने, सडकहरू खोल्ने जस्ता प्रसंशनीय कार्यहरू गर्नुको साथै कतिपय राहत सामग्रीहरू भूकम्प पिडितहरूलाई वितरण गर्नका लागि नेपाली सेनालाई हस्तान्तरण गरेका छन् । नेपाल सरकारले खोज तथा उद्धार कार्यको समाप्तीको घोषणा गरे सँगै मित्रराष्ट्रहरूबाट आएका २ हजार १ सय ४५ सैनिकहरू फिर्ता भइसकेका छन् भने बाँकी सैनिकहरू फिर्ता हुने क्रम जारी रहेको छ । महाविपद्को यस घडीमा यस्ता महत्वपूर्ण कार्यहरूमा नेपाल र नेपालीको सहयोगमा जुट्नु भएका सम्पूर्ण मित्रराष्ट्रका सैनिकहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

६. बिनाशकारी भूकम्प पश्चात नेपाली सेना खोज, उद्धार तथा राहत कार्यमा परिचालित भएको तीन साता नाघिसकेको छ । यस अवधिमा नेपाली सेना तथा मित्रराष्ट्रका सैनिकहरूले २५ हजार ८ सय ५५ घाइतेहरूको उपचार, ५ हजार ९ जनाको हवाई उद्धार, भग्नावशेषमा पुरिएका १ हजार ३ सय ५५ जनाको जिवितै उद्धार र ५६३ पुरिएका शवहरू निकाल्न सफल भएका छन् । यसरी नै ७५७ टन हवाई साधनबाट र ३ हजार ५ सय २६ टन राहत सामग्रीहरू स्थलमार्गबाट ढुवानी गर्ने कार्य सम्पन्न भइसकेको छ । भूकम्प प्रभावित क्षेत्रको परिस्थिति केही सामान्य हुँदै गइरहेको र उक्त स्थानहरूमा अन्य सरकारी तथा गैर सरकारी निकायको उपस्थिति समेत हुन थालेको छ । नेपाली सेनाले गरिरहेका राहत कार्यहरू क्रमिक रूपले सम्बन्धित निकायहरूलाई हस्तान्तरण गरी यहि जेष्ठ मसान्तसम्ममा व्यारेक फिर्ता हुने योजना रहेको छ । यसै बीच व्यवस्थापिका संसदबाट पारित संकल्प प्रस्तावमा राहत, पुनर्स्थापना र पुनर्निर्माणको कामलाई राष्ट्रिय अभियानको रूपमा संचालन गर्ने घोषणा भएको छ । नेपाल एकीकरणको दौरान पूर्व टिष्टादेखि पश्चिम काँगडासम्म पुगेको र वि.सं.१९९० सालको महाभूकम्पमा कुनै वैदेशिक सहयोग बिना नेपाली जनतासँग हातेमालो गरी राष्ट्र निर्माण जस्तो पवित्र कार्य गर्न सक्ने गौरवमय इतिहास बोकेको राष्ट्र, राष्ट्रबासी तथा राष्ट्रिय सेना कुनै पनि चुनौतीको सामना गर्न र पुनर्स्थापना तथा पुनर्निर्माण जस्तो राष्ट्रिय अभियानको दायित्व बोक्न सक्षम तथा कटिवद्ध रहेको छ ।

७. यस भूकम्पले हामी सबैलाई धेरै पाठ सिकाएको छ । यस विपद्को घडीमा आपसी मतभिन्नतालाई बिर्सिएर सबै एकजुट हुनु समस्त नेपालीहरूमा रहेको राष्ट्रियता, मानवीय संवेदनशीलता एवं धैर्यताको प्रमाण हो । यसले अब हुने पुनर्स्थापना तथा पुनर्निर्माणको राष्ट्रिय अभियानमा लाग्न हामी सबैलाई उत्प्रेरित गरेको छ । यस भूकम्पले भविष्यमा दोहोरिन सक्ने विपत्तिहरूको सामना गर्न सदैव तयार रहन हामी सबैलाई सचेत समेत गराएको छ । यस विपद्बाट सिकेको पाठलाई मनन् गरी सैनिक हवाई क्षमताको साथै Collapsed Structure Search & Rescue क्षमताको समेत अभिवृद्धि गर्न आवश्यक बजेट नेपाल सरकारबाट प्राप्त हुनेछ भन्नेमा नेपाली सेना विश्वस्त रहेको छ ।

८. यस भूकम्पबाट प्रभावित नेपाली सेनाका सकल दर्जाहरू, भूतपूर्व सैनिक तथा तिनका परिवारहरूलाई राहत प्रदान गर्न नेपाल सरकार र नेपाली सेना प्रतिबद्ध रहेको छ । नेपाल सरकारले प्रदान गर्ने राहत तथा क्षतिपूर्तिको अतिरिक्त नेपाली सेनाले पनि आफ्नो आन्तरिक स्रोतबाट भूकम्प प्रभावित सैनिक व्यक्ति तथा तिनका परिवारजनहरूको लागि राहत कार्यक्रम तर्जुमा गर्ने कार्य भइरहेको समेत सकलदर्जाहरूमा जानकारी गराउँदछु । साथै, नेपाली सेनाले प्रभावित परिवारहरूलाई अस्थायी बासस्थानको व्यवस्था गर्न सम्बन्धित जवान र भू.पू.सैनिकहरूलाई पूर्ण सहयोग गर्ने लक्ष्य राखेको छ । यस विपद्को घडीमा भूकम्पले पुऱ्याएको क्षतिलाई शक्तिको रूपमा परिणत गरी स्थानीय पतिहरूले सानो सानो टोलीमा फौज खटाई सृजनशील तथा रचनात्मक ढङ्गबाट पिडित सैनिक व्यक्तिहरूसँग मिली एकीकृत रूपमा आवश्यक सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा राख्दछु ।

९. अन्तमा, नेपाली सेना जस्तो पवित्र संस्थाको प्रधान सेनापतिको रूपमा तपाईंहरू जस्तो लगनशील, मेहनती र कर्तव्यपरायण जवान तथा कमाण्डरहरूको नेतृत्व गर्न पाउनु मेरो लागि ठूलो भाग्य र गर्वको विषय हो । यस राष्ट्रिय विपद्को बखत नेपाली जनताको जीवन रक्षा, राहत तथा पुनर्स्थापना गर्ने जस्तो पवित्र कार्यमा नेपाली सेनाले पुऱ्याएको योगदानको मुल्याङ्कन समय र इतिहासले यथोचित रूपमा गर्नेछ भन्नेमा म विश्वस्त छु ।

धन्यवाद । नेपाली सेनाको जय ।

मिति २०७२/०२/३ गते ।

गौरव शम्शेर ज.ब.रा.
महारथी
प्रधान सेनापति